आज मिति २०८०।१२।०७ गते बुधबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नरपालिकाको नगर कार्यपालिकाको आ.ब. २०८०/०८१ को ११ औं बैठक तपसिलका पदाधिकारीहरुज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | हस्तखत |
|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | ९८५२८३५१६६ | |
| २ | श्री मणिका देवि दुलाल | नगर उपप्रमुख | ९८५२८३५५२८ | |
| ३ | श्री सुभाकर पौडेल | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री सिताराम राई | अध्यक्ष वडा नं. १ | ९८४१२०८३१३ | |
| ५ | श्री हरि बहादुर खड्का | अध्यक्ष वडा नं. २ | ९८४२९२७५४७ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५ | |
| ७ | श्री लुङ्गाराज राई | अध्यक्ष वडा नं. ४ | ९८१०५७९२२९ | |
| ८ | श्री तुलसिराम ढकाल | अध्यक्ष वडा नं. ५ | ९८४१५१८५८०<br>९८५२८४४००८ | |
| ९ | श्री अम्बर बहादुर खड्का<br>श्री तुलसीराम खत्री प्र.व. | अध्यक्ष वडा नं. ६ | ९८०६१५५८७७९ | |
| १० | श्री केशव अधिकारी | अध्यक्ष वडा नं. ७ | ९८६२८४४६६६ | |
| ११ | श्री भगनाथ कुमार मगर | अध्यक्ष वडा नं. ८ | ९८४०९२८६०७ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री धर्मेन्द्र कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८१६७०७०५१<br>९८६३८२८०४९ | |
| १४ | श्री उदयराज भुजेल | नगर कार्यपालिका सदस्य | ९८४२८३१८९२ | |
| १५ | श्री जय कुमार राई | नगर कार्यपालिका सदस्य | ९८१५७१४७१५ | |
| १६ | श्री माधव सार्की | नगर कार्यपालिका सदस्य | ९८२६७००३२८ | |
| १७ | श्री तिलावती राई | नगर कार्यपालिका सदस्य | ९८४३४६६२७५ | |
| १८ | श्री सुस्मा राई | नगर कार्यपालिका सदस्य | ९८६२९१८६९९ | |
| १९ | श्री स्मृति तोलाङ्गी सुयल | नगर कार्यपालिका सदस्य | ९८०५९९७७३३ | |
| २० | श्री जानकी देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१५७००९०३ | |
| २१ | श्री शान्ति देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१९९१००३८ | |

आमन्त्रीत उपस्थिति :-

१. श्री सत्यनारायण हुजदार - सूचना अधिकारी - ९८५२८४४०७३

प्रस्तावहरू :

१) विगतको नगर कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा।
२) नदीजन्य पदार्थको उत्खनन संकलनको अनुगमन र विवाद समाधान सम्बन्धमा।
३) वित्तीय समानिकरण अनुदान कटौतीसँगै आयोजना संझौता सम्बन्धमा।
४) आधारभुत नगर अस्पतालको भाडा असुली सम्बन्धमा।
५) प्रदेश समपुरक अनुदानका आयोजना छनौट गरी पठाउने सम्बन्धमा।
६) कार्य सम्पन्न भएका आयोजनाको भुक्तानी सम्बन्धमा।
७) दोस्रो चौमासिक अवधिसम्मको खर्च सार्वजनिक सम्बन्धमा।
८) साना सिंचाई कार्यक्रम सम्बन्धमा।
९) वन डढेलो नियन्त्रण सम्बन्धमा।
१०) छाडा चौपाया व्यवस्थापन सम्बन्धमा।
११) सार्वजनिक जग्गाको विवरण पठाउने सम्बन्धमा।
१२) विविध

- क) आगलागी पीडित, जंगली हात्ती पिडित र हावा हुरी पिडित परिवारलाई आर्थिक सहयोग सम्वन्धमा।
- ख) भजनकिर्तन समूहलाई आर्थिक सहयोग सम्बन्धमा।
- ग) चौ. न. पा १० हडिया र चौ. न. पा ५ सुन्दरपुरमा बाटो तथा बाँध मर्मत सम्बन्धमा।
- घ) विपन्न नागरिक तथा अन्य आर्थिक सहायता सम्वन्धमा।
- ङ) सोनाम लोसार/शिवरात्री/ किरात राई यायोख्याको यले दुङ पर्व मनाउन आर्थिक सहयोग सम्वन्धमा।
- च) नेपालको जातजातीका भाषा र संस्कृतीहरु पुस्तक प्रकाशनको लागि आर्थिक सहयोग सम्वन्धमा।
- छ) फुटबल प्रतियोगिताको लागि आर्थिक सहयोग सम्बन्धमा।
- ज) खानेपानी र विद्युत व्यबस्थापन सम्वन्धमा।
- झ) सोलार सेट माग सम्बन्धमा।
- ञ) विदा स्वीकृत सम्वन्धमा।
- ट) नेपाल राष्ट्रिय मुवाँथाई संघको माग सम्बन्धमा।
- ठ) करार कर्मचारीहरुको निरन्तरता सम्बन्धमा।
- ड) भरौली खोलाबाट नदीजन्य पर्दार्थ ढुंगा गिट्टी उत्खनन सम्बन्धमा।
- ढ) चौ. न. पा. ८ को बाटो मर्मत तथा फुटबल ग्राउण्ड मर्मत सम्बन्धमा।
- ण) नगर अस्पतालको पैसा फिर्ता सम्वन्धमा।
- त) शिक्षा कार्यविधी सम्वन्धमा।
- थ) करारमा प्राविधिक कर्मचारी राख्ने कार्यविधि संशोधन।
- द) तिज कार्यक्रम सम्बन्धमा।
- ध) भित्तेली टोल मक्कम डाडा बाटो मर्मत तथा ग्राभेल सम्बन्धमा।
- न) नम्बरी/आवादी जग्गाहरुको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा।
- प) स्थायी कार्यालय तथा स्थायी पद दर्ता सम्बन्धमा।
- फ) चौ. न. पा. १ नं वडा कार्यालयको माग झोलुङ्गे पुल, प्रहरी चौकी र अपुताली जग्गा सम्बन्धमा।
- ब) पशुमा राष्ट्रिय भ्याक्सिनेसन कार्यक्रम तथा बजेट संशोधन सम्वन्धमा।

CamScanner

निर्णयहरू

१) नगर कार्यपालिकाबाट भएका अधिकांश निर्णयहरु कार्यान्वयन भई सकेकाकेही निर्णयहरु कार्यान्वयन भईरहेका र बाँकी निर्णयहरु कार्यान्वयन हुने क्रममा रहेका हुँदा यस कार्यमा नगर कार्यपालिकाका सबै सदस्यहरुले आवश्यक सहयोग सहकार्य र अनुगमन गर्ने सर्वसम्मत निर्णय गरियो।

२) यस नगरपालिकामा चालु आर्थिक वर्ष २०८०।०८१ का लागि नदीजन्य पदार्थहरु मिति २०८०।०९।०२ मा २०८१ जेठ मसान्तसम्म म्याद रहने गरी ५९७१५ घन मिटर ढुङ्गा गिटी उत्खनन गर्न पाउने गरी श्री सिमन एण्ड यश कन्स्ट्रक्सनसँग मिति २०८०।०९।०२ मा संझौता भएको र संझौता अनुसार राष्ट्रपति चुर तराई मधेश संरक्षण समितिबाट प्राप्त सहमति र शर्तहरुको पालना हुने व्यवस्था मिलाउन अनुगमन लगायतको कार्य सम्बन्धित वडा अध्यक्षज्यूहरुले समेत सघन रुपमा गरी संझौता सहमती अनुमतीको पालना गर्ने गराउने साथै वडा टोल बस्ती स्तरमा विवाद गर्ने पक्षसँग टोल विकास संस्थाहरु सामुदायिक वनका पदाधिकारीहरु स्थानीय बुद्धिजिवी समाजसेवी शिक्षक सचेत नागरिक समेतको सहभागीतामा वडा समितिको बैठक वा अन्य संयन्त्रहरुमा बृहत् छलफलबाट समाधान खोज्ने समाधान गर्न नसकिएमा नगरपालिकाले के गर्नु पर्ने हो सो विषय एकिन गरी समाधानका लागि नगरपालिकामा लिखित निर्णय समेतका कागजात पठाउने। सम्बन्धित खोलनदीहरुको ठेक्का पाउन पक्षसँग समेत मापदण्डको परिपालना गराउन हरसम्भव प्रयास गर्ने साथै निजि नम्बरी जग्गामा नगरपालिकाको स्वीकृत बेगर ढुङ्गा गिटी बालुवा निकाल्ने पोखरी खन्ने लगायत काम गर्नु गैर कानुनी कार्य भएको यस्तो कार्य हुन नदिन वडा समितिबाट आवश्यक व्यवस्थापन गर्ने र नगरपालिकाबाट स्वीकृती पाएकाहरुको हकमा अनुगमन गरी प्रचलित नियमको परिपालना गराउने।सिम्रन एण्ड यश कन्ट्रक्सनले ठेक्का लागेका खोलानदीमा ढुंगा गिटी उत्खनन गरी सके पछी सोही स्थानमा तटबन्दका लागि भनी सम्बन्धित उपभोक्ता समितिले उत्खनन गरेको एकै जिलबाट एक भन्दा बढी पटक ढुङ्गा गिटी ओसारेको गहिराई अनुमति भन्दा बढि हुने गरी उत्खनन् गरेको भन्ने स्थानीयबासीले जिल्लास्तरीय अनुगमन समितिले मिति २०८०।१२।०१ गरेको अनुगमनको क्रममा उल्लेख गरेकोले यस्तो हुन नदिन वडा कार्यालयले समेत छड्के निगरानी गरी यस्तो कार्य हुन नदिने व्यवस्था मिलाउने बढी गहिराई हुने गरी उत्खनन गरेको स्थानमा सोही स्थानको उत्खनन गर्न बाँकी परिमाणबाट सहमतीसंझौता अनुसारको गहिराई कायम हुने गरी उपयुक्त व्यवस्था मिलाउने साथै वडाबाट समाधान हुन नसकेका विवादहरु नगरपालिकामा लिखित जानकारी गराई समाधान खोज्ने साथै यस विषयमा सहजीकरण गर्न र नदीजन्य पदार्थको चोरी निकासी नियन्त्रण गर्न एकै जिलबाट एक पटक मात्र निकासी हुने व्यवस्था मिलाउन नगर प्रहरीको एक घुमुवा टोली बनाई खटाउन नगर प्रहरीका संयोजकलाई जिम्मा दिने सर्वसम्मत निर्णय गरियो।

३) यस वर्षका यो पालिकालाई संघीय सरकारबाट १३ करोड ८० लाख वित्तीय समानिकरण अनुदान प्राप्त हुने अनुमानका आधारमा १४ औं नगरसभाबाट योजना तथा कार्यक्रम तय गरी कार्यान्वयन हुँदै आएकोमा तेस्रो किस्तासम्मको अनुदानमा करिव ४५ प्रतिशत रकम कटौती हुने र अन्तिम किस्ताको हकमा चैत्रमसान्तसम्मको राजश्व संकलनको आधारमा महालेखा नियन्त्रक कार्यालयको निर्देशनको आधारमा हुने भनी महालेखा नियन्त्रक कार्यालयबाट पत्र प्राप्त भएकोले हालसम्म संझौता नभएका नगरपालिका स्तरीय आयोजनहरुको अव संझौता नगर्ने

CamScanner

संझौता भई कार्यान्वयनमा गएका आयोजनाहरुको हकमा पहिले भुक्तानी माग गर्नेलाई पहिलो प्राथमिकता दिई बजेट उपलब्ध भएसम्म भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो।

४) आधारभुत नगर अस्पतालभित्र संचालनमा रहेका फार्मेशी गोपीकृष्ण मेडिकल हलले वार्षिक रुपमा ६५ लाख भाडा भुक्तानी गर्नु पर्नेमा संझौता अनुसार सम्बन्धित पक्षबाट नगर अस्पतालको खातामा रकम जम्मा नभएको र भाडाको रकम संझौता बमोजिम सम्बन्धित पक्षले नतिरेको हुँदा मिति २०८०।१२।०७ देखि सटर खाली गर्न नगरपालिकाबाट च. न.२५९२ मिति २०८०।११।३० को पत्रबाट जानकारी गराई सकिएको हुँदा निजले धरौटी राखेको रकमबाट भुक्तानी गर्नु पर्ने अवधीको भाडा वापतको रकम नगर अस्पतालको खातामा जम्मा गर्ने नपुग रकम निजले जम्मा नगरेमा विमा वापत निजलाई भुक्तानी हुने रकमबाट कट्टी गरी बाँकी रकम मात्र निजलाई भुक्तानी दिने सर्वसम्मतबाट निर्णय गरियो।

५) प्रदेश सरकारमा आगामी आ व २०८१।०८२ का लागि कोशी प्रदेश सरकारको **"प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधी, २०७५"** अनुसार २०८० चैत्र महिनाभित्र समपुरक आयोजना कार्यक्रम माग गर्नु पर्ने र सोको लागि पत्र समेत प्राप्त भएकोले उक्त कार्यविधिको पालना गर्दै विगतमा माग गरेर नपरेका आयोजना वा नयाँ आयोजना तपसिल अनुसार समयमै सम्बन्धित विधुतीय प्रणालीमा प्रविष्ट गरी माग गर्ने सर्वसम्मतबाट निर्णय पारित गरियो।

| क्र.सं. | आयोजनाको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १. | बर्खेडाँडा देखि बसाहाथान हुदै चटपटे टोलसम्म मोटरबाटो स्तरोन्नती | चौ. न. पा. ४ | नयाँ योजना |
| २. | कमल राईको घरदेखि सातधारे विच टोल बाटो हुदै थानपोखरी देखि पश्चिमटोल ज्यामिरे मोटरबाटो स्तरोन्नती | चौ. न. पा. ६ र ९ | नयाँ योजना |

६) नगरपालिकाको १४ औं नगरसभाबाट स्वीकृत आयोजनाहरु कार्यान्यवन गर्दै जाने क्रममा प्राविधिक हिसावले अपुरो काम गर्न नमिल्ने हुँदा पुरै काम गर्न परेको वडा न ४ को स्वास्थ्य भवनको लागि कार्य सम्पन्न प्रतिवेदन अनुसार भुक्तानी दिन अपुग भएको रकम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नवप्रवर्तन कार्यक्रममा लागि २५ लाखको साझेदारी गर्न भनी अनुरोध गरे अनुसार २०८० पौषको नगरसभाले सो साझेदारी वापत रकम विनियोजन गरेको छ ।हालसम्म मन्त्रालयबाट आउने रकम प्राप्त भएको छैन र मन्त्रालयमा जानकारी माग गर्दा अर्थ मन्त्रालयबाट निकासा भई नसकेकोले बजेट पठाउन नसकिएको मौखिक जवाफ प्राप्त भएको छ।मन्त्रालयबाट रकम प्राप्त नहुने हो भने सो कार्यक्रममा साझेदारी गर्नु नपर्ने भएकोले मन्त्रालयको आधिकारीक जवाफ प्राप्त भएपछी साझेदारी गर्नु नपर्ने भएमा सो बजेटबाट वडा नं ४को स्वास्थ्य भवनको भुक्तानी दिन नपुग भएको रकम रु ८८००००।- आषाढको नगरसभाबाट समर्थन गर्ने गरी भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

६) दोस्रो चौमासिक अवधिसम्म नगरपालिकाको क्षेत्रगत तथा चालु र पुँजीगत खर्च शिर्षकमा तपसिल बमोजिम भएको कुल खर्च रकम र सोको प्रतिशत आर्थिक प्रशासन शाखा प्रमुखबाट प्रस्तुत भए अनुसार सबै सदस्यहरुलाई जानकारी भयो।

| क्र. सं. | शीर्षक | प्रस्तावित आय | वास्तविक आय | खर्च | बाँकी | प्रामी प्रति शत | प्रामी बाँकी प्रति शत | विनियोजनमा बाँकी | बढी निकासा |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | समानिकरण अनुदान संघीय सरकार | 138000000.00 | 103500000.00 | 55561412.79 | 47938587.21 | 75 | 25 | 34500000.00 | 27600000 |
| 2 | समानिकरण अनुदान प्रदेश सरकार | 8789000.00 | 2197250.00 | 2184752.00 | 12498.00 | 25 | 75 | 6591750.00 | |
| 3 | राजस्व बाडफाड प्रदेश सरकार | 17094000.00 | 8905843.97 | 6912073.00 | 1993770.97 | 52 | 48 | 8188156.03 | |
| 4 | राजस्व बाडफाड स्थानीय सरकार | 46325000.00 | 17083324.34 | 14991219.00 | 2092105.34 | 37 | 63 | 29241675.66 | |
| 5 | राजस्व बाडफाड संघीय सरकार | 135984000.00 | 70024733.75 | 69875820.94 | 148912.81 | 51 | 49 | 65959266.25 | |
| 6 | अन्तरिक श्रोत | 19912650.00 | 17090963.57 | 24273725.60 | 7905382.97 | 86 | 14 | 2821686.43 | |
| 7 | बैंक मौज्दात | 7385804.15 | 7385804.15 | 0.00 | | 100 | 0 | 0.00 | |
| 8 | बैंक मौज्दात ग.१.१ को राजश्व | 7702340.85 | 7702340.85 | 0.00 | | 100 | 0 | 0.00 | |
| | जम्मा | 381192795.00 | 233890260.63 | 173799003.33 | 60091257.30 | | | 147302534.37 | |

CS CamScanner

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
|---|---|---|---|---|
| संघीय सरकार | ५१६०६३०००. | ३५३२३४७५०. | ६८.४५ | १६२८२८२५०. |
| १३३११ समानिकरण अनुदान | १३८००००००. | १०३५०००००. | ७५ | ३४५०००००. |
| १३३१२ शसर्त अनुदान चालु | ३३४४६३०००. | २३३०४३७५०. | ६९.६८ | १०१४१९२५०. |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ३१४०००००. | १६६९१०००. | ५३.१६ | १४७०९०००. |
| १३३१५ विषेश अनुदान पुँजीगत | ६२०००००. | ० | ० | ६२०००००. |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ६००००००. | ० | ० | ६००००००. |
| प्रदेश सरकार | ३१६७६०००. | ५४५१९६०. | १७.२३ | २६२२६०४०. |
| १३३११ समानिकरण अनुदान | ८७८९०००. | २१९७२५०. | २५ | ६५९१७५०. |
| १३३१२ शसर्त अनुदान चालु | २५७५०००. | ८४९७५०. | ३३ | १७२५२५०. |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ७३१२०००. | २४१२९६०. | ३३ | ४८९९०४०. |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १३००००००. | ० | ० | १३००००००. |
| राजस्व बाडफाड | १९९४०३०००. | ७१९५३००१.८६ | ३६.०८ | १२७४४९९८.१४ |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | १५००००००. | २२४९५२४.३४ | १५ | १२७५०४७५.६६ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १३५९८४०००. | ४५९६३८३३.५५ | ३३.७९ | १००२०१६६.४५ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १७०९४०००. | ८९०५८४३.९७ | ५२.१ | ८१८८१५६.०३ |
| ११४७१ बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ५०,०००.०० | ० | ० | ५०,०००.०० |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | १०००००. | ० | ० | १०००००. |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ३११७५०००. | १४८३३८००. | ४७.५८ | १६३४१२००. |
| अन्तरिक श्रोत | ३५०००७९५. | २४४७६७६७.७२ | ६९.९३ | १०५२४०२७.२८ |
| ११३१३ एकीकृत सम्पती कर | ३००००००. | २१९४०८६.२१ | ७३.१४ | ८०५९१३.७९ |
| ११३१४ भुमिकर/मालपोत | १०००००. | १९,५०५.०० | १९.५१ | ८०,४९५.०० |
| ११३२१ वहाल कर | १००००००. | २९९७४४.६७ | २९.९७ | ७००२५५.३३ |
| ११३२२ वहाल विटौरी कर | २३०००००. | १९६२०००. | ८५.३ | ३३८०००. |

| | | | | |
|---|---|---|---|---|
| ११६३२ अखेटोपहारमा लाग्ने कर | ९७,६५०.०० | ० | ० | ९७,६५०.०० |
| ११६९१ अन्य कर | २१५०००० | ११,२००.०० | ०.५२ | २१३८८०० |
| १४१९१ पर्यटन शुल्क | ५०,०००.०० | ० | ० | ५०,०००.०० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | २००००००. | ० | ० | २००००००. |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ८०००००. | १२८७५१. | १६.०९ | ६७१२४९. |
| १४२२१ न्यायिक दस्तूर | ५,०००.०० | १,२००.०० | २४ | ३,८००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | २००००००. | २३,०००.०० | १.१४ | १९७७०००. |
| १४२४१ पार्किङ्ग शुल्क | १०००००. | ० | ० | १०००००. |
| १४२४२ नक्सापास दस्तुर | १००००००. | ६७,५८५.०० | ६.७६ | ९३२४१५. |
| १४२४३ सिफारिश दस्तुर | ५०००००. | १७०५००. | ३४.१ | ३२९५००. |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | २०००००. | १७७८००. | ८८.९ | २२,२००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ५०००००. | १४०९००. | २८.१८ | ३५९१००. |
| १४२४९ अन्य दस्तुर | ४०००००. | ११७०४८६.५ | २९२.६२ | -७७०४८६.५ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १००००००. | ३७९५२५. | ३७.९५ | ६२०४७५. |
| १४२६३ जलस्रोत सम्बन्धी अन्य दस्तुर | ६०,०००.०० | ० | ० | ६०,०००.०० |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | १५००००. | ० | ० | १५००००. |
| १४५२९ अन्य राजस्व | २५०००००. | १०३४४६८०.१९ | ४१३.७९ | -७८४४६८०.१९ |
| ३२१२२ बैंक मौज्दात | १५०८८१४५ | ७३८५८०४.१५ | ४८.९५ | ७७०२३४०.८५ |
| जम्मा | ७८२१४२७९५. | ४५५१२४४७९.५८ | ५८.१८ | ३२७०१८३१५.४२ |

| SN | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७९०२४०००. | १६५९५४५३. | २१ | ६२४२९८४७. |
| १ | कृषि | ३२७७५०००. | २९११८७५. | ८.८८ | २९८६३१२५. |
| २ | उद्योग | ४३०००००. | ७७३५१३. | १७.९८ | ३५२६४८७. |
| ३ | पर्यटन | १३४५०००. | १६३८००. | १२.१८ | ११८१२००. |
| ४ | सहकारी | ५५००००. | ०.०० | ० | ५५००००. |
| ५ | जलश्रोत तथा सिंचाई | ३७४३८०००. | १२५७९७१२. | ३३.६ | २४८५८२८८. |
| ६ | बन | ७५०००. | ०.०० | ० | ७५०००. |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | पशुपन्छी विकास | ७५००००. | ४५७३५. | ६.१ | ७०४२६५. |
| ८ | भूमि व्यवस्था | १७९१०००. | ११९५१८. | ६.६७ | १६७१४८२. |
| २ | सामाजिक विकास | ३९८९५१०००. | १७६५०८४०६.२२ | ४४.२४ | २२२४४२५९३.७८ |
| १ | शिक्षा | ३००२१६०००. | १३६०६५१७१.९१ | ४५.३२ | १६४१५०८२८.०९ |
| २ | स्वास्थ्य | ५३५०९६००. | २३६२६४९८.३२ | ४४.१५ | २९८८३१०१.६८ |
| ३ | खानेपानी तथा सरसफाई | १३७९२०००. | ४७८५४२३. | ३४.७ | ९००६५७७. |
| ४ | भाषा तथा संस्कृति | ३१८०४००. | ११५९३१८. | ३६.४५ | २०२१०८२. |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ५०७५०००. | ३०००००. | ५.९१ | ४७७५०००. |
| ६ | युवा तथा खेलकुद | ५१७००००. | २५५५८८२. | ४९.४४ | २६१४११८. |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | १८००८०००. | ८०१६११२.९९ | ४४.५१ | ९९९१८८७.०१ |
| ३ | पूर्वाधार विकास | ११९२४३०००. | ४३४३७३६२.६३ | ३६.४३ | ७५८०५६३७.३७ |
| १ | यातयात पूर्वाधार | ८०३१३१००. | २६४०३९०३. | ३२.८८ | ५३९०९१९७. |
| २ | भवन, आवास तथा सहरी विकास | २८६४४९००. | १२७४४०७३. | ४४.४९ | १५९००८२७. |
| ३ | उर्जा | ८१४८०००. | ३५०२४११.६३ | ४२.९८ | ४६४५५८८.३७ |
| ४ | संचार तथा सूचना प्रबिधि | २०००००. | १९९८००. | ९९.९ | २००.०० |
| ५ | सम्पदा पूर्वाधार | ११०००००. | ४९२७००. | ४४.७९ | ६०७३००. |
| ६ | पुनर्निर्माण | ८३७०००. | ९४४७५. | ११.२९ | ७४२५२५. |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८४३७५००. | १०२५३२२. | १२.१८ | ७४१०१७८. |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १७६४८७२९५. | १००५८१४९२.८८ | ५६.९९ | ७५९०५८०२.१२ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १७६४८७२९५. | १००५८१४९२.८८ | ५६.९९ | ७५९०५८०२.१२ |
| | कुल जम्मा | ७८२१४२७९५. | ३३८१४८७३६.७३ | ४३.२३ | ४४३९९४०५८.२७ |

८) साना सिंचाई कार्यक्रमबाट यस नगरपालिकामा आगामी आर्थिक वर्ष २०८१।०८२ मा सञ्चालन हुने संभाव्य आयोजनाहरुको सूची प्राप्त भएकोले सोमा व्यापक छलफल गरी तपसिल बमोजिमका ४ वटा आयोजनाहरु स्वीकृत गर्ने र उक्त योजनाहरुको लागत साझेदारीमा २० प्रतिशत लागत चौदण्डीगढी नगरपालिकाले बेहोर्ने प्रतिबद्दता समेत गर्ने सर्बसम्मत निर्णय गरियो ।

आयोजना निम्नानुसार रहेका छन्।

| क्र. स. | योजनाको नाम | ठेगाना |
|---|---|---|
| १ | कालीटार सिंचाई योजना | चौदण्डीगढी न. पा. वडा नं. ८ |
| २ | चिसापानी कुलो निर्माण | चौदण्डीगढी न. पा. वडा नं. ४ |
| डच३ | पंधेरे खोला सिंचाई योजना | चौदण्डीगढी न. पा. वडा नं. २ |
| ४ | विष्णुजग सिंचाई योजना | चौदण्डीगढी न. पा. वडा नं. ९ |

CamScanner

९) निकै लामो समयसम्म वर्षा नभई सुख्खायाम रहेकोले वन जंगल तथा व्यक्तिहरुको घर बस्तीमा आगोलागीका घटनाहरु दैनिक जस्तो घटी रहेका छन।वन जंगलजस्तो सार्वजनिक सम्पत्ती र व्यक्तिका निजि सम्पतिहरु आगोलागिबाट जोगांउन आवश्यक सतर्कता अपनाउन वडाबाट समेत सचेतना कार्यक्रम सञ्चालन गर्न गराउन आवश्यक भएकोले नगरपालिकाले समेत यस्तै किसिमका सूचना संप्रषण गर्ने र दमकल लगायतका सवारी साधनहरु तत्पर अवस्थामा राखी आंगोलागी रोकथाम र नियन्त्रणमा सबै नगरवासी एकजुट भई लाग्ने साथै वडा कार्यालयहरुले सम्बन्धित सामुदायिक वनका पदाधिकारीहरुसँग आवश्यक छलफल गरी आगोलागी नियन्त्रणमा प्रभावकारी भुमिका खेल्ने सर्वसम्मत निर्णय गरियो।

१०) नगरपालिका क्षेत्रका सडकमा चौपाया छाडा छाड्ने विस्कुन सुकाउने निर्माण सामाग्री राख्ने लगायतका कार्य गरी सार्वजनिक यातायातमा अवरोध सिर्जना भएको जसका कारण सडक दूर्घटना समेत निम्त्याउने हुँदा यस्ता दुर्घटनाबाट बच्न सबै वडा कार्यालयलाई आफ्ना वडावासीले यस विषयमा गम्भिरताबोध गराउने आवश्यक सूचनापाटी राख्ने लगायत काम गर्ने गराउने सर्वसम्मत निर्णय गरियो।

११) यस चौदण्डीगढी नगरपालिकाको विभिन्न वडाबाट सार्वजनिक जग्गाको अतिक्रमण भए नभएको विवरण जिल्ला प्रशासन कार्यालय उदयपुरबाट माग गरिए अनुसार यस्तो विवरण जिल्ला प्रशासन कार्यालयमा पठाउनु पर्ने गरी विवरण माग गरी वडा कार्यालयहरुमा पत्राचार भई सकेको छ केही वडाबाट विवरण आए पनि धैरै वडाबाट विवरण प्राप्त भई नआएकोले यस्तो विवरण १५ दिनभित्र उपलब्ध गराउने।साथै वडा ६ र ७ को नदी उकासको जग्गा अतिक्रमण गरी वसेका स्थानीयबासीहरुबाट समेत आफ्नो स्वामित्वको प्रमाण भए नभएको एकिन गरी प्रमाण नभएकाहरुलाई हटाउने र यस विषयमा नगरपालिकाले गर्नुपर्ने सहयोगका लागि वडा कार्यालयको निर्णय सहित जानकारी र सार्वजनिक प्रकृतिका जग्गा निजि उपयोग गर्न नदिने सार्वजनिक प्रकृतिको जग्गा निजि उपयोग गर्न वडा कार्यालयबाट सिफारीस नगर्ने नगराउने यसको विपरित सिफारीस गरी अतिक्रमण गराउन मतियारको काम गर्न गराउन नदिने सर्वसम्मत निर्णय गरियो।

१२.विविध

क) आगलागी पीडित, जंगली हात्ती पिडित र हावा हुरी पिडित परिवारलाई आर्थिक सहयोग सम्वन्धमा।

विभिन्न मितिमा यस नगरपालिका विभिन्न वडाहरुमा भएका विपद्जन्य घटनाहरुबाट पीडित व्यक्तिहरुलाई राहत उपलब्ध गराउने व्यवस्थाको लागि सम्बन्धित वडा कार्यालहरुबाट सिफारिस भई आएको हुँदा वडाको सिफारिस तथा प्रहरी सर्जमिन मुचुल्का लगायतका आधारमा पीडितको आर्थिक अवस्था समेतलाई मध्यनजर गरी राहतस्वरुप नगरपालिकाबाट विनियोजित बजेट शिर्षक **विपद व्यवस्थापन भैपरी तथा तारजाली**बाट तपसिल वमोजिमको आर्थिक सहायता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

तपसिलः-

| क्र. सं. | माग गर्ने व्यक्ति /समुह | क्षतिको प्रकार | निर्णय रकम | कैफियत |
|---|---|---|---|---|
| १ | देउ बहादुर मगर चौ. न. पा. ८ | आगोलागी | १ लाख | |
| २ | टंक बहादुर कार्की चौ. न. पा. १ | आगोलागी | २ लाख | |
| ३ | हेम प्रकाश राई चौ. न. पा. -३ | परालमा आगलागी | १५ हजार | |

ख) भजनकिर्तन समूहलाई आर्थिक सहयोग सम्बन्धमा ।

चौ. न. पा. का विभिन्न वडाका विभिन्न समूह /व्यक्तिहरुले यस नगरपालिकामा भजनकिर्तनको लागि आवश्यक सामाग्री माग भई आएकोले यस नगरपालिकामा चालु आ.व. २०८०/०८१ मा विनियोजित भजन किर्तन समूहलाई सामाग्री खरिदबाट तपसिलका समूह /व्यक्तिलाई तपशिल बमोजिम रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरीयो।

तपशिल

| क्र.सं. | माग गर्ने व्यक्ति समुह | चौ. न. पा. बाट निर्णय भएको रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | तुलसी भजन किर्तन मण्डली चौ. न. पा. -९ | १००००।- | |
| २ | राधाकृष्ण सर्बेश्वर पाञ्चायन भजन मण्डली चौ। न पा -२ | १५०००।- | |
| ३ | राधाकृष्ण भजन किर्तन समुह चौ. न. पा. -९ र १० | २५०००।- | |
| ४ | ओम भजन किर्तन मण्डली चौ. न. पा . -६ | १५०००।- | |
| ५ | शिवशक्ती भजन किर्तन समूह चौ. न. पा.-९ | १५०००।- | |
| ६ | त्रियुगा हरिकृष्ण व्यबस्थापन समिति चौ न पा -५ | १५०००।- | |
| ७ | समाजसेवी किर्तन समूह चौ. न. पा. ७ | २००००।- | |
| ८ | राधाकृष्ण किर्तन टोली चौ न पा १० इक्राहा | १५०००।- | |
| ९ | राधाकृष्ण कृतन मण्डली चौ न पा.-१० खैराहा शान्ती टोल | १५०००।- | |

ग) चौ. न. पा १० हडिया मा बाटो र चौ. न. पा ५ सुन्दरपुरमा बाटो तथा बाँध मर्मत सम्बन्धमा ।

चौ. न. पा १० हडिया र चौ. न. पा ५ सुन्दरपुरमा पर्ने फतेपुर गाईघाट बाटो खाल्टाखुल्टी रहेको र सवारी साधान आवत जावतमा समेत समस्या परेको र तत्काल मर्मत नगरेमा हुन सक्ने सवारी दुर्घटनालाई समेत मध्यनजर गर्दै तत्काल मर्मत गर्न अति आवश्यक रहेको साथै चौ. न. पा. -५ सिवाई खोलामा बाँध निर्माण समेत कार्य भएको हुँदा उक्त दुवै वडाको बाटो मर्मत तथा बाँध निर्माणको कार्यको लागि तपशिल बमोजिम रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरीयो।

CamScanner

| क्र.सं. | माग | निर्णय भएको रकम रु. | भुक्तानी शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | चौ. न. पा ५ सुन्दरपुर बाटो मर्मत | १०००००।- | मर्मत संभार तथा भैपरी | |
| २ | चौ. न. पा १० हडिया बाटो मर्मत | ४४२०००।- | मर्मत संभार तथा भैपरी | |
| ३ | सिवाई खोला बाँध निर्माण चौ . न. पा. ५ | १८०००००।- | विपुद व्यवस्थापन भैपरी तथा तारजाली | |

घ) विपन्न नागरिक तथा अन्य आर्थिक सहायता सम्वन्धमा ।

विभिन्न संघ, संस्था, समुह तथा व्यक्तिहरुबाट आर्थिक सहयोग माग भएको हुँदा उक्त माग निवेदन अनुसार आवश्यकता र औचित्यतालाई मध्येनजर गर्दै विनियोजित बजेटको सीमाभित्र रही दोहोरो नपर्ने गरी तपशिल बमोजिमको रकम चालु तर्फको कन्टिजेन्सीबाट आर्थिक सहायता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरीयो।

विपन्न व्यक्तिहरुः

| क्र.सं. | माग गर्ने व्यक्ति समुह | निर्णय भएको रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | दल बहादुर सार्की चौ. नं. पा. -२ | १५०००।- | |
| २ | रञ्जित विश्वकर्मा, चौ न पा २ | १४०००।- | |
| ३ | तमाना तामाङ चौ न पा -८ | १५००० | |

संस्थाहरु

| क्र.सं. | माग गर्ने व्यक्ति समुह | निर्णय रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | श्री ज्योती माध्यामिक विद्यालय, बेल्टार चौ. न. पा. ६ | १५०००।- | ११/१२ कक्षाका विद्यार्थी भ्रमण |
| २ | बसाहा क्लब | १५०००।- | फुटबल |
| ३ | श्री नारद आदर्श शिक्षा क्याम्पस चौ. न. पा. ४ | ५००००।- | ११ र १२ कक्षाका विद्यार्थी शैक्षिक भ्रमण कोलकोत्ता |
| ४ | ज्योती जनता बहुमुखी क्याम्पस चौ न पा -६ | २५०००।- | शैक्षिक भ्रमण कार्यक्रम |

ङ) सोनाम लोसार/शिवरात्री/ किरात राई यायोख्याको यले दुङ पर्व मनाउन आर्थिक सहयोग सम्वन्धमा ।

चौ. न. पा. का विभिन्न वडाका विभिन्न समूह /व्यक्तिहरुले यस नगरपालिकामा चाडपर्ब मनाउन तथा विभिन्न कार्यक्रम गर्नको लागि आर्थिक सहयोग उपलब्ध गराउनको लागि माग भई आएकोमा तपसिल बमोजिमका

CamScanner

चाडपर्व, समूहलाई नगरपालिकाबाट चालु . व. २०८०/०८१ मा विनियोजित बजेट शिर्षक जातजाती चाडपर्व प्रबर्द्धन कार्यक्रम तपशिल बमोजिम रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरीयो।

तपशिल

| क्र.सं. | माग गर्ने व्यक्ति, समुह, जातजाती | चौ. न. पा. बाट निर्णय भएको रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | नेपाल तामाङ घेदुङ तथा गुम्बा चौ न पा -७ | ५००००।- | लोसार पर्व |
| २ | श्री सर्बेश्वर शिवालय मन्दिर व्यवस्थापन समिति चौ. न. पा. ९ | १००००।- | शिबरात्री चाडपर्व |
| ३ | किरात राई यायोख्या, वडा कार्य समिति चौ. न पा. -४ | ५००००।- | यले दुंग |

च) नेपालको जातजातीका भाषा र संस्कृतीहरु पुस्तक प्रकाशनको लागि आर्थिक सहयोग सम्वन्धमा।

नेपालको जातजातीका भाषा र संस्कृतीहरु पुस्तक प्रकाशनको लागि बेलका ६ निवासी शुक्र बहादुर तामाङले आर्थिक सहयोग पाउँ भनी पेश गरेको निबेदन सम्बन्धमा विभिन्न जातजातीहरुको भाषा र संस्कृती संरक्षणको लागि पुस्तक छपाईले टेवा पुर्याउने भएकोले उक्त पुस्तक प्रकाशनको लागि नगरपालिकाबाट चालु आ. व. २०८०/०८१ मा विनियोजित बजेट शिर्षक जातजाती चाडपर्व प्रबर्द्धन कार्यक्रम बाट रु. १५०००।- रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरीयो।

छ) फुटबल प्रतियोगिताको लागि आर्थिक सहयोग सम्बन्धमा।

के पी ओली फुटबल कप २०२४ प्रतियोगिताको लागि र चौ. न. पा. ५ वडा स्तरीय खेलकुद समितिबाट फुटबल प्रतियोगिताको लागि आर्थिक सहयोग पाउन प्राप्त निबेदन प्रपोजल सम्बन्धमा चालु तर्फको कन्टिजेन्सीबाट के पी ओली फुटबल कप २०२४ लाई रु. ५००००।- रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरीयो।

ज) खानेपानी र विद्युत व्यबस्थापन सम्वन्धमा।

चौदण्डीगढी नगरपालिका वडा नं. १बाट जनता आधारभुत विद्यालय छुईलाले उक्त विद्यालयमा रहेको इन्टेक ट्याङ्की मर्मत गर्न र सोही वडाको सेतपानी स्थित चण्डेश्वरी महादेव स्थानमा विद्युत जडानको लागि आवश्यक सहयोग माग गरी सिफारिस भई आएको र वडा नं. ३ बाट उक्त वडाको कृतीमान डाडागाउँ टोलविकास बस्ने गोपाल तामाङ लगायत् ५ घर धुरीको लागि खानेपानीको अति समस्या भएकोले इनार निर्माणको लागि आवश्यक सहयोगको लागि सिफारिस भई आएको र सिफारिस भई आए बमोजिमको स्थानमा खानेपानी तथा विद्युत व्यबस्थापन गर्न अति आवश्यक रहेको बुझिएकोले

CamScanner

नगरपालिकामा रहेको पुँजिगत तर्फको कन्टिजेन्सी रकमबाट तपशिल बमोजिम रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरीयो।

| क्र.सं. | विद्युत तथा खानेपानी व्यवस्थापन गर्ने माग स्थान | चौ. न. पा. बाट निर्णय भएको रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | श्री जनता आधारभुत विद्यालय छुईला चौ. न. पा. १ | १५०००।- | ट्याङ्की मर्मत |
| २ | सेत्पानी स्थित चण्डेश्वरी महादेव स्थान चौ. न. पा. १ | १५०००।- | विद्युत व्यवस्थापन |
| ३ | कृतीमान डाडागाउँ टोलविकास चौ. न. पा. ३ | ३००००।- | इनार निर्माण |

झ) सोलार सेट माग सम्बन्धमा ।

चौदण्डीगढी नगरपालीका अन्तर्गत वडा नं. १ को दुग्मा स्थानको ८ घर लगायत अन्य ठाउँमा र वडा नं. ८ को विभिन्न् स्थानहरुका घर परिवारमा भौगोलिक विकटताका कारण घरहरु टाढा टाढा रहेका हुँदा हालसम्म पनि विद्युत सेवा पुर्‍याउन नसकेको र पोल तथा तार बिस्तार गर्न कठिनाई रहेको हुँदा बत्ती बाल्नको लागि खानेपानी सिंचाई तथा उर्जा मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा २५ वटा सोलार सेट माग गर्ने सर्वसम्मत निर्णय गरीयो।

ञ) विदा स्वीकृत सम्बन्धमा ।

यस नगरपालिका अन्तर्गत बसाहा स्वास्थ्य चौकीमा कार्यरत सि. अ. न. मी. पाचौ लक्ष्मी बागदास कर्मचारी संकेत नं २१०८१७ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च. नं. ७० मिति २०८०।११।१३ को पत्रबाट आ.व. २०८०|२०८१ मा बिराटनगरमा सञ्चालन हुने BNS|BMS शैक्षिक कार्यक्रम अध्ययन गर्न छात्रवृतिमा नाम निकाली तलवी सुविधा पाउने गरी अध्ययनको लागि मनोनयन भई आउनु भएको र चिकित्सा शिक्षा आयोगबाट लिईएको छनौट परिक्षामा सफल भए हुँदा Bachelor in nursing पढ्न तलवी अध्ययन विदा माग गर्नुभएकोले स्थानीय सरकारी सेवा ऐन, २०८० को दफा १२० बमोजिम तथा दफा १२४ बमोजिम मिति २०८०।१०।२९ देखि २०८३।१०।२९ गते सम्म निजको अध्ययन अवधि तीन वर्षका लागि अध्ययन विदा स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरीयो।

ट) नेपाल राष्ट्रिय मुवाँथाई संघको माग सम्बन्धमा ।

नेपाल राष्ट्रिय मुवाँथाई संघ, उदयपुरले चौदण्डीगढी नगरपालिकामा सेल्फ डिफेण्ड तालिम सञ्चालन गर्न आर्थिक सहयोग माग गरेको सम्बन्धमा हरेक व्यक्तीको आफ्नो जिवन रक्षाको लागि सेल्फ डिफेण्ड तालिम अति आवश्यक रहेको हुँदा नेपाल राष्ट्रिय मुवाँथाई संघ, उदयपुरलाई कम्तीमा १ हप्ता तालिम सञ्चालन तथा व्यबस्थापन गर्न नगरपालिकामा रहेको चालु तर्फको कन्टिजेन्सीबाट रु. १५०००।- रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरीयो।

CamScanner

ठ) करार कर्मचारीहरुको निरन्तरता र लोक सेवा आयोग माग गर्ने सम्बन्धमा ।

१.चौदण्डीगढी नगरपालिका अन्तर्गत हडिगा स्वास्थ्य चौकीमा कार्यरत कार्यालय सहयोगी शम्भु कुमार साह र ५ नं. वडा कार्यालय, सुन्दरपुरमा कार्यरत बालमैत्री सहजकर्ता रेणु कुमारी चौधरी गा. वि. स. जि.वि.स. र बेल्टार बसाहा नगरपालिका हुँदा नियुक्त पाई काम गर्दै आउनु भएका कर्मचारीहरु भएको हुँदा निजहरुको करार संझौता नविकरण हुन छुट भएको सम्बन्धित कार्यालयमा काम गरिरहेकोले शम्भु कुमार साह र रेणु कुमारी चौधरीलाई आ. व. २०८०।०८१ को साउन महिना देखि पौष महिना सम्मको वडा कार्यालयबाट तलव व्यवस्था मिलाउने र माघ महिनादेखि नगरपालिकाले तलव उपलब्ध गराउने गरी चालु आर्थिक वर्ष २०८०।०८१ को निंजहरुसँग करार संझौता गर्न अधिकार सम्बन्धित वडा अध्यक्षलाई दिने सर्वसम्मत निर्णय गरियो।

२. कोशी प्रदेश सरकारबाट मिति २०८०।०९।२२ मा राजपत्रमा प्रकाशीत स्थानीय सेवा ऐन, २०८० ले लोक सेवा आयोगमा रिक्त दरवन्दीको कर्मचारी माग गरेपछि मात्र अति आवश्यक भए त्यस्ता दरबन्दीका कर्मचारी करार सेवामा लिन सकिने व्यवस्था गरेकोले यस नगरपालिकामा रिक्त रहेका सव ईन्जिनियर दुई जना सिभिल समुह कोशी प्रदेश लोक सेवा आयोगमा माग गर्ने सर्वसम्मत निर्णय गरीयो।

ड) भरौली खोलाबाट नदीजन्य पर्दार्थ ढुंगा गिट्टी उत्खनन सम्बन्धमा ।

यस नगरपालिकाबाट चालु आ. व.२०८०/०८१ को लागि नगर क्षेत्र भित्र रहेका विभिन्न नदी तथा खोलाहरुको वातावरणीय प्रतिबेदन (IEE) स्वीकृत भई ठेक्का आब्हान गरी ग्राभेल ढुंगा तर्फ ठेक्का नं. १५-२०८०/०८१( ग्राबेल ढुंगाको) मिति २०८०।९।२ गते यस नगरपालिका प्रथम पक्ष र श्री सिम्रन एण्ड यश कन्ष्ट्रक्सन प्रा. ली. इटहरी सुनसरी विच ठेक्का सम्झौता भएको थियो । यस पालिकाबाट ठक्का सम्झौता भित्र समावेश नभएको तथा वातावरणीय अध्ययन प्रतिबेदन स्वीकृत भएको खोला तर्फ अमानतमा गिट्टी उत्खनन संकलन कार्य गर्ने व्यवस्था मिलाई दिनु भनी यस नगरपालिकाको ९ नं. वडा कार्यालयबाट सिफारीस पत्र प्राप्त भएको र वातावरणीय अध्ययन प्रतिबेदन (IEE) स्वीकृत भएको भरौली खोलाबाट कोशी प्रदेश सरकारको आर्थिक ऐन २०८० को अनुसुची ५ मा उल्लेख भए बमोजिमको राजस्व संकलन गर्दा यस नगरपालिकामा आर्थिक आम्दानी हुने देखिन्छ । यसरी वातावरणिय प्रतिबेदन स्वीकृत भएको सोही वडाको भरौली खोलामा जम्मा ३५८५ घन मिटर ग्राभेल ढुंगा उत्खनन योग्य रहेको हुँदा तोकिएको परिमाण भित्रको नदिजन्य पर्दार्थको राजस्व बैंक दाखिला गरी नेपाल सरकारको ढुंगा गिट्टी र वालुवा बिक्री तथा व्यबस्थापन सम्बन्धी मापदण्ड दोस्रो संसोधन २०७९, वाताबरणीय प्रतिबेदनमा उल्लेखित सर्तहरुको पालना गर्ने गराउने गरी प्राविधिक रेखांकन समेत गरी चौ. न. पा. ९ नं. वडा कार्यालयलाई यस नगरपालिकाबाट नगदी रसिद बुझिलिई बैंक

CS CamScanner

दाखिला भएको रकम बराबरको गिट्टी ढुंगा उत्खनन कार्य गराउन दिने निर्णय गरियो । साथै उक्त उत्खनन गरिएको खोलाको दैनिक प्रतिबेदन लिन र तोकिएको भन्दा बढी नदिजन्य पदार्थ उत्खनन हुन नदिनको लागि १ जना नगर प्रहरी खटाउने निर्णय गरियो।

ढ) चौ. न. पा. ८ को बाटो मर्मत तथा फुटबल ग्राउण्ड मर्मत सम्बन्धमा ।

चौदण्डीगढी नगरपालिका ८ नं. वडा कार्यालयबाट वाईटुङ गाउँ देखि सालघारी कोलडाँडा दहर सुगाचरी हुदै बंशिला घाट जाने बाटोको वाईटुङ -सालघारी जाने बाटो जोड्न बाँकी रहेको र सोही वडाको बरगाछी टोल विकास संस्थामा फुटबल ग्राउण्ड सम्माउनको लागि आबश्यक रकम उपलब्ध गराउन माग भई आएको र उक्त बाटो तथा फुटबल ग्राउण्ड मर्मत संभार गर्न अति आबश्यक रहेको हुँदा नगरपालिकामा रहेको पुँजिगत तर्फ रहेको कन्टिजेन्सी रकमबाट **तपशिल बमोजिम उपलब्ध गराउने** सर्वसम्मत निर्णय गरीयो।

वाईटुङ -सालघारी जाने बाटो ट्याक तथा मर्मत चौ. न. पा. ८ रु.५००००।–

फुटबल ग्राउण्ड मर्मत संभार बरगाछी टोल चौ. न. पा ८ रु. १ लाख

ण) नगर अस्पतालको पैसा फिर्ता सम्वन्धमा ।

नगर अस्पताल संचालन समितिको निर्णयानुसार मिति २०८०/०५/१७ मा नगर अस्पतालको बैक मौज्दात रकम नगरपालिकाको विविध खर्च खातामा ट्रान्सफर भै आएको रु. ३६३३८३३।- आधारभूत नगर अस्पताल संचालन समितिको मिति २०८०।१०।१६ को बैठकको निर्णय ४ र चौदण्डीगढी नगरपालिका नगर अस्पताल बेल्टारको च.न.१३२ मिति २०८०।११।०२ को पत्र बमोजिम उक्त रकम पुन: अस्पतालकै नाममा फिर्ता गर्ने निर्णय अनुसार उक्त रकम चौदण्डीगढी नगरपालिका नगर अस्पताल बेल्टारको च.हि.न. २३७०१००००३६४०००१ मा रु. ३६३३८३३।- फिर्ता ट्रान्सफर गर्ने र बीमा बोर्डबाट प्राप्त चौथो किस्ता रु.१९३५६९२।- समेत चौदण्डीगढी नगरपालिका नगर अस्पताल बेल्टारबाटै खाता संचालन हुने भएकाले सम्बन्धितलाई नियमानुसार विमा दाबी भुक्तानी दिन र नियमानुसार बीमाको प्रशासनिक आय बचत रकम र बैक मौज्दात रु. ३६३३८३३।- नियमानुसार खर्च गर्न र खर्चको जवाफदेहिता सम्बन्धित खर्च गर्ने अधिकारीकै रहने गरी पुरानो बैक मौज्दात रु. ३६३३८३३।- र बीमा बोर्डबाट प्राप्त चौथो किस्ता रु.१९३५६९२।- गरी जम्मा रु.५५६९५२५।- **"चौदण्डीगढी नगरपालिका नगर अस्पताल बेल्टार"**को खाता नम्बर २३७०१००००३६४०००१ फिर्ता गर्ने सर्वसम्मतिबाट निर्णय गरियो।

CamScanner

त) संस्थागत विद्यालय संचालन तथा शुल्क निर्धारण मापदण्ड सम्बन्धी कार्यविधी सम्बन्धमा।
चौदण्डीगढी नगरपालिका शिक्षा समितिबाट निर्णय भएको संस्थागत विद्यालय संचालन तथा शुल्क निर्धारण मापदण्ड सम्बन्धी कार्यविधी,२०८० लाई अनुमोदन गर्ने सर्वसमम्त निर्णय गरियो।

थ) करारमा प्राविधिक कर्मचारी राख्ने कार्यविधि संशोधन।
चौदण्डीगढी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि-२०७५ को पहिलो संशोधन- २०८० लाई स्वीकृत गर्ने सर्वसमम्त निर्णय गरियो।

द) तिज कार्यक्रम सम्बन्धमा।
चौदण्डीगढी नगरपालिका वडा नं १० वडा स्तरीय महिला संजाल र चौदण्डीगढी नगरपालिका वडा नं ५ को वडा स्तरीय महिला संजालले२०८० सालको तिज कार्यक्रम मनाउँदा रकम अपुग भएकोले अपुग रकम यस नगरपालिकामा माग भई आएको हुँदा माग बमोजिमको रकम यस नगरपालिकाको विनियोजित बजेट शिर्षक जातजाती चाडपर्ब प्रबर्द्दन कार्यक्रम बाट तपशिल बमोजिम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरीयो।

| क्र. सं. | माग गर्ने संस्था समुहको नाम | निर्णय रकम | कैफियत |
|---|---|---|---|
| १. | चौदण्डीगढी नगरपालिका वडा नं ५ को वडा स्तरीय महिला संजाल | ५४०००।- | |
| २. | चौदण्डीगढी नगरपालिका वडा नं १० वडा स्तरीय महिला संजाल | २६५३०।- | |

ध) भित्तेली टोल मक्कम डाडा बाटो मर्मत तथा ग्राभेल सम्बन्धमा।
चौदण्डीगढी नगरपालिका ४ नं. वडा अन्तर्गत भित्तेली टोल मक्कम डाडा बाटो हिउँदमा धुलो तथा बर्षामा हिलो भएर हिड्न समस्या भएकोले ४ नं. वडा कार्यालयबाट मर्मत तथा ग्राभेलको लागि माग भई आएको हुँदा उक्त बाटो मर्मत तथा ग्राभेल गर्न अति आवश्यक देखिएकोले यस नगरपालिकाबाट विनियोजित बजेट शिर्षक **मर्मत संभार तथा भैपरी बाट रु. २०००००।-** भित्तेली टोल मक्कम डाडा बाटो मर्मत तथा ग्राभेल कार्यको लागि उपलब्ध गराउने सर्वसम्मत निर्णय गरीयो।

CamScanner

न) नम्बरी/आवादी जग्गाहरुको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा।

यस नगरपालिकामा मिति २०८०/१२/०६ गते श्री प्रोडेक्स इन्जियरिंग इन्क प्रा.लि. शाखा कार्यालय गाईघाट,उदयपुरले तयार पारेको चौदण्डीगढी नगरपालिका क्षेत्रभित्र रहेको नम्बरीजग्गा धनिहरुको बिवरण स्थानीय सरकार संचालन ऐनको दफा ६२ र वातावरण संरक्षण नियमावली २०७७ को दफा ५ को उपदफा १ र यस नगरपालिकाको कार्यविधि, २०७७ बमोजिमको दफा १४ का आधारमा पेस हुनु आएको तपसिलका जग्गा धनीहरुको जग्गामा रहेको ढुंगा ग्रावेल बालुवा र माटो उत्खनन गरी हटाउन साथै बिक्रि निकासी शुल्क संकलन गर्नका लागि नगर प्राविधिक समितिको बैठकबाट निर्णय भई आएको (TOR) प्रतिवेदन समर्थन गरी यस नगरपालिकाको संक्षिप्त वातावरणीय परीक्षण कार्यविधि,२०७७ को दफा १४ बमोजिमको सिफारिस अनुरुप नै हुने गरी प्रस्तावित जग्गाधनिहरुको वातावरणीय प्रतिवेदन (IEE) पेश भए बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

### तालिका १ : प्रस्तावित जग्गाहरुको विवरण

| क्र.स. | कित्ता नम्बर | जग्गाधनीको नाम | जमिनको क्षेत्रफल हेक्टर वा मिटरमा | वडा | ज.रो./ज.वि | प्रस्तावक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ९/ट/२२२ सुन्दरपुर | राजेन्द्र पौडेल | ०-१०-०-० | २ | ज.वि. | माँ कंकालिनी कन्स्ट्रक्सन हनुमाननगर कंकालिनी - १ सप्तरी। | |
| २. | ५/ग/९ सुन्दरपुर | दुर्गा वहादुर खड्का | ०-१२-८-० | १ | ज.वि. | वाहिङ कन्स्ट्रक्सन धरान उपमहा नगरपालिका-२२ | |
| | ५/ग/९ सुन्दरपुर | | ६-११-३-२ | | | | |
| ३ | ५/ग/५ चौदण्डी | दान वहादुर राई | ५-१०-३ | १ | ज.रो. | वाहिङ कन्स्ट्रक्सन धरान उपमहा नगरपालिका-२२ | |
| | ५/ग/६ चौदण्डी | | ८-१-० | | | | |
| | ५/ग/८ चौदण्डी | | ०-५-० | | | | |
| | ५/ग/१२चौदण्डी | | २-१०-०-० | | | | |

### तालिका २ : प्रस्तावित जग्गाहरुको विवरण

| क्र.स. | कित्ता नम्बर | जग्गाधनीको नाम | जमिनको क्षेत्रफल हेक्टर वा मिटरमा | वडा | ज.रो./ज.वि | औषत गहिराई (मि.) | उत्खनन योग्य परिमाण | प्रस्तावक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ९/ट/२२२ सुन्दरपुर | राजेन्द्र पौडेल | ०-१०-०-० | २ | ज.वि. | १.५ | १०१५.८९ घ.मि. | माँ कंकालिनी कन्स्ट्रक्सन हनुमाननगर कंकालिनी -१ सप्तरी। | |
| २. | ५/ग/९ सुन्दरपुर | दुर्गा वहादुर खड्का | ०-१२-८-० | १ | ज.वि. | १.० | १६००.५५ घ.मि. | वाहिङ कन्स्ट्रक्सन धरान उपमहा नगरपालिका-२२ | |
| | ५/ग/९ सुन्दरपुर | | ६-११-३-२ | | | | | | |
| ३ | ५/ग/५ चौदण्डी | दान वहादुर राई | ५-१०-३ | १ | ज.वि. | १.५ | १५६०.५९ घ.मि. | वाहिङ कन्स्ट्रक्सन धरान उपमहा नगरपालिका-२२ | |
| | ५/ग/६ चौदण्डी | | ८-१-० | | | | | | |
| | ५/ग/८ चौदण्डी | | ०-५-० | | | | | | |
| | ५/ग/१२चौदण्डी | | २-१०-०-० | | | | | | |

CamScanner

प) स्थायी कार्यालय तथा स्थायी पद दर्ता सम्बन्धमा।

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कोशी प्रदेश विराटनगरको प. स. ०८०।०८१ च. न. १२३० मिति २०८०।११।१५ को पत्रबाट कोशी प्रदेशका सबै स्थानीय तहलाई स्थायी कार्यालय तथा पद दर्ता गर्न अनुरोध गरी पत्राचार भएको र सो पत्र यस नगरपालिकामा समेत प्राप्त भएको छ। सो पत्रमा स्थायी कार्यालय र स्थायी पद दर्ता गर्न स्थानीय सरकारी (गठन तथा सञ्चालन) ऐन २०८० कोशी प्रदेशले मिति २०८० पौष २२ गते राजपत्रमा प्रकाशित गरेको छ। उक्त ऐन र माथी उल्लिखित पत्रानुसार स्थायी पद दर्ताको लागि निम्नानुसारको विवरण आवश्यक हुने उल्लेख छ।

१. श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट २०७३ साल फागुन २७ मा कार्यालय स्थापना गर्न पठाएको पत्रको प्रतिलिपी।

२. स्थायी कार्यालय दर्ता गर्न पठाउने सम्बन्धमा नगर कार्यपलिकाबाट भएको निर्णयको प्रतिलिपी

३. कार्यालयको सिफारिस पत्र।

त्यसै गरी सोही पत्रानुसार स्थायी पद दर्ताको लागि निम्नानुसार हुनु पर्ने उल्लेख भई आएको छ।

१. स्थानीय सरकारी सेवा(गठन तथा सञ्चालन) ऐन २०८० को परिच्छेद ३ दफा ६ र ७ को प्रक्रिया पूरा गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी तयार भएको संगठन संरचना तथा दरवन्दी सभाबाट स्वीकृत भएको प्रमाणित प्रतिलिपी।

२. स्थायी पद दर्ताको लागि प्रदेश किताबखानामा पठाउने सम्बन्धी कार्यपालिकाबाट भएको निर्णयको प्रतिलिपी।

३. सभाबाट स्वीकृत स्थायी पद तथा दरबन्दी अनुसारका कर्मचारीहरुको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० को दफा ५७ (७)मा भएको व्यवस्था कार्यान्वयन नहुन्जेलसम्म सोही ऐनमा भएको व्यवस्था अनुसार कर्मचारीहरुले पाउने सेवा सुविधा पालिकाबाट नै भुक्तानी गर्ने सम्बन्धी प्रतिवद्धतासहितको कार्यपालिकाको निर्णय।

४ यसैसाथ संलग्न स्थायी पद दर्ता फाराम ४ प्रति।

माथीको व्यवस्था बमोजिम स्थायी पद दर्ता गर्न पठाउने, संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार भई मिति २०७९।०३।३० को नगरसाबाट स्वीकृत भएकोले सो स्वीकृत भएको संगठन तथा व्यवस्थापन सर्वेक्षण सहितको दरबन्दी तेरीज प्राप्त ढाँचामा तयार गरी मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालयमा रहेको प्रदेश किताबखानामा पद दर्ताको लागि पठाउने,साथै स्वीकृत दरवन्दीका कर्मचारीले स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन)ऐन २०८० को दफा ५७ (७)मा भएको व्यवस्था कार्यान्वयन नहुन्जेलसम्म सोही ऐनमा भएको व्यवस्था अनुसार कर्मचारीहरुले पाउने सेवा सुविधा पालिकाबाट नै भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो।

CS CamScanner

फ) चौ. न. पा. १ नं वडा कार्यालयको माग झोलुङ्गे पुल, प्रहरी चौकी र अपुताली जग्गा सम्बन्धमा ।
चौदण्डीगढी नगरपालिका १ नं वडा कार्यालयबाट सो वडामा पर्ने कोशीमा झोलुङ्गे पुलको हकमा सम्बन्धित निकायमा माग गर्ने सोही वडाको रानीटारमा प्रहरी चौकी स्थापना गर्न जिल्ला प्रहरी कार्यालय उदयपुरलाई अनुरोध गर्ने र रानीटारमा नै रहेको अपुताली जग्गा सरकारीकरण गर्ने सम्बन्धमा वडा कार्यालयले विस्तृत रुपमा खुलाई पठाए पछी आवश्यक प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो।

ब) पशुमा राष्ट्रिय भ्याक्सिनेसन कार्यक्रम तथा बजेट संशोधन सम्बन्धमा ।
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, गाईघाट, उदयपुरको पत्र २०८०/०८१ च. नं. १८५ मिति २०८०।१०।१४ गतेको पत्रानुसार यस नगरपालिकालाई पशुपन्छीहरुमा खोप अभियान कार्यक्रम सञ्चालनका लागी खोरेत, एचएसबिक्यू, पि.आर.पि., रानिखेत तथा क्लासिकल स्वाईन फिबर रोग विरुद्धको खोप र बजेट प्राप्त भएकोमा सो कार्यक्रम सञ्चालनको लागी रु ३,५०,००० पठाएको र उक्त कार्यका लागी रु १,४५,००९।- नगरपालिकाबाट नै थप गर्नु पर्ने भनी लेखी आएको हुँदा उक्त कार्यक्रम सञ्चालनको लागी नगरपालिकाको पशु सेवा शाखाका लागी आ.ब.२०८० /०८१ को स्वीकृत तपसिल बमोजिमका कार्यक्रम संशोधन गरी राष्ट्रिय/ भ्याक्सिन कार्यक्रम सञ्चालन गर्ने र आगामी नगरसभाबाट अनुमोदन गराउने सर्वसम्मत निर्णय गरियो।

तपशिल

| क्र.स. | साविकको बजेट तथा कार्यक्रम | बजेट रु. | संशोधित बजेट तथा कार्यक्रम | बजेट रु. | संशोधन गर्नुपर्ने कारण | बाँकी बजेट रु. |
|---|---|---|---|---|---|---|
| १ | रोग निदान खोप कार्यक्रम | १,००,०००/- | पशुपन्छीका खोपका लागि लजिष्टिक खरिद तथा प्राविधिक पारिश्रमिक खर्च | १,००,०००/- | राष्ट्रिय भ्याक्सिनेसन कार्यक्रम सञ्चालनका लागि अपुग रकम पालिकाले थप्नुपर्ने भएकाले | - |
| २ | दैनिक भ्रमण भत्ता | ४०,०००/- | | ४०,०००/- | | - |
| ३ | आकस्मिक महामारी/ उपचार सेवा | ८०,०००/- | | ६,०००/- | | ७४,०००/- |